# हरिपुर नगरपालिका

# राजपत्र

---

## सर्लाही जिल्ला, प्रदेश नं.२,नेपाल

---

## हरिपुर नगरकार्यपालिकाद्धारा प्रकाशित

---


## बर्ष १ अंक १ २०७६ जेठ १ गते, बुधबार


---

नगरकार्यापालिकाबाट मिति २०७६।०१।२९ मा स्वीकृत भएको हरिपुर नगरपालिकाको प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७६ स्थानीय सरकार संचालन ऐन, २०७४ बमोजिम सार्वजनिक जानकारीको लागि देहाय बमोजिम प्रकाशन गरिएको छ ।

## भाग १

## हरिपुर नगरपालिकाको प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७६

नगर सभाबाट स्वीकृत मितिः२०७६/०१/२९

# हरिपुर नगरपालिका

# प्रशासकीय कार्यविधी (नियमित गर्ने) ऐन, २०७६

हरिपुर नगरपालिका

## नगर कार्यपालिकाको कार्यालय

हरिपुर, सर्लाही

प्रदेश नं.२, नेपाल

हरिपुर नगरपालिका, सर्लाही

# हरिपुर नगरपालिकाको प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७६

**प्रमाणीकरण मितिः- २०७६/०१/२९**

**<u>प्रस्तावनाः</u>** नेपालको संविधानको अनुसूची ८ र ९ तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम स्थानीय तहलाई तोकिएको अधिकार क्षेत्रभित्रका विषयमा आवश्यक कानून बनाई प्रशासकीय कार्यविधि नियमित गर्न वाञ्छनीय भएकोले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (१) बमोजिम हरिपुर नगरपालिकाको नगर सभाले यो ऐन बनाएको छ ।

**<u>१. संक्षिप्त नाम, विस्तार र प्रारम्भः</u>**

(१) यो ऐनको नाम हरिपुर नगरपालिकाको प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७६" रहेको छ ।

(२) यो ऐन हरिपुर नगरपालिका क्षेत्रभित्र तुरुन्त लागू हुनेछ ।

**<u>२. परिभाषाः</u>** (१) बिषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,–

(क) “ऐन” भन्नाले हरिपुर नगरपालिकाको प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७६ सम्झनु पर्छ ।

(ख) “कार्यपालिका” भन्नाले हरिपुर नगरकार्यपालिका सम्झनु पर्छ ।

(ग) “नगरपालिका” भन्नाले हरिपुर नगरपालिका सम्झनु पर्छ ।

(ङ) “सभा” भन्नाले संविधानको धारा २२३ बमोजिमको नगरसभा सम्झनु पर्छ ।

(च) “संविधान” भन्नाले नेपालको संविधानलाई सम्झनु पर्छ ।

**<u>३. नियम बनाउने अधिकारः</u>**

हरिपुर नगरपालिका, सर्लाही

(१) नेपालको संविधान तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम नगरपालिकालाई तोकिएका अधिकार क्षेत्रभित्रका विषयमा तोकिएको कार्य जिम्मेवारी निर्वाह गर्न अपनाउनु पर्ने कार्यविधि नियमित गर्नको निमित्त हरिपुर नगर कार्यपालिकाले आवश्यक नियम बनाउन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम नियम बनाउँदा संघीय तथा प्रदेश कानून बमोजिम स्थानीय तहको क्षेत्राधिकार भित्र पर्ने विषयमा मात्र बनाउनुपर्नेछ ।

**४. निर्देशिका, कार्यविधि र मापदण्ड बनाउन सक्नेः**

(१) संविधान, ऐन तथा यस ऐन अन्तरगत बनेको नियमावलीको अधिनमा रही हरिपुर नगर कार्यपालिकाले आवश्यकता अनुसार निर्देशिका, कार्यविधि र मापदण्ड वनाई लागू गर्न सक्नेछ ।

आज्ञाले,

उदय प्रसाद देवकोटा

प्रमुख प्रशासकीय अधिकृत

हरिपुर नगरपालिका, सर्लाही